# कम्पनी ऐन, २०६३ अन्तर्गत सँचालीत

## ( शेयरहरुमा सिमित दायित्व भएको)

## त्रिशुली सोलार प्रा.लि.

## को

## प्रवन्धपत्रको दफा १. मा भएको संसोधन

**प्रवन्धपत्रको दफा १.** यस कम्पनीको नाम डाईनामिक पावर प्रा.लि. हुनेछ । यसलाई अंग्रेजीमा Dynamic Power Pvt. Ptd. भनिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

दफा १८ को उपदफा (६) संग सम्बन्धित )
कम्पनी ऐन,२०६३ अन्तर्गत सस्थापित

# त्रिशुली सोलार प्रा.लि.

## प्रबन्ध पत्र

१. **कम्पनीको नाम** :- यस कम्पनीको नाम **त्रिशुली सोलार प्रा.लि.** हुनेछ । यसलाई अंग्रेजीमा **Trishuli Solar Pvt. Ltd.** भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** :- यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. -२८, मा रहनेछ ।

३. **कम्पनीले गर्ने ब्यबसाय वा कारोबारको प्रकृति** :- यस कम्पनीले उर्जामुलक तथा सेवामुलक कार्य गर्नेछ ।

४. **कंम्पनीको उद्देश्य** :- (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क. देशमा जलविद्युत तथा सोलार शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ, संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आवद्धगरी विद्युतशक्ति उत्पादन, वितरण, सञ्चालन, मर्मत संभार आदि कार्य गर्ने ।

ख. नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरुसंग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रशारण लाईन मार्फत बिक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

ग. नेपाल सरकारको सम्वन्धित निकायको स्वीकृती लिई नेपाल राज्यमा नदी नालाहरुबाट विभिन्न स्तरका जल विद्युत आयोजना निर्माण गरी संचालन गर्ने । सोलार ईनर्जी, वायु शक्ति, डिजल प्लान्ट वा अन्य विकसित प्रविधिसंग सम्वन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका योजनाहरु तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

घ. नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरुको पून: संचालन गर्ने, विद्युत उत्पादन वृद्धीको लागि आवश्यक सम्भौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

ङ. विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याति प्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसंग सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरुमा सम्भौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

च. विद्युत प्रसारणका लागि विभिन्न भेल्टेजका ट्रान्समिसन लाइनहरुको अध्ययन निर्माण, मर्मत, संभार तथा सञ्चालन सम्बन्धी कामहरु गर्ने ।

छ. विद्युत सम्वन्धी उपकरणहरू, मेशिन औजारहरू, सामान विदेशबाट आयात तथा खरिद गरि उपयोग गर्ने, बिक्री वितरण गर्ने, एजेन्सीको कार्य गर्ने ।

ज. जलविद्युत, बैंक, बीमा, सिमेण्ट तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने ।

झ. जलविद्युत तथा सोलार ईनर्जी जस्ता आयोजनाहरुको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने ।

ञ. नविकरणिय उर्जा, सौर्य उर्जा, वाईन ईनर्जी, सोलार ईनर्जी र वायो ईनर्जी सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्नुका साथै विद्युत उत्पादन गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरि मात्र कार्यान्वयन गरिनेछ ।

(३) कम्पनीले उपदफा (१) उल्लेखित उद्देश्य सम्वन्धमा अनुमति वा ईजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा ईजाजतपत्रको प्रतिलिपी कार्यालयमा पेश गरिनेछ ।

५. **कंम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु:-** यस कम्पनीले दफा (४) बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

क) कंम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक मेशीनरी तथा अन्य फ्रिक्चर, टुल्स, उपकरण खरिद गर्ने, लिज वा भाडामा लिई प्रयोग गर्ने कम्पनीलाई आवस्यक नभएको खण्डमा जग्गा, भवन, सवारी साधन र अन्य अनावश्यक उपकरणहरु लिजमा वा भाडामा दिन वा बिक्रि वितरण गर्न सक्नेछ ।

ख) कंम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गरि सोही बमोजीम तिनको सेवाका शर्तहरु निर्धारण गर्न सक्नेछ ।

ग) कंम्पनीको नाममा बैंक तथा वित्तिय संस्थामा नेपाल वा विदेशी मुद्रा कारोवारको लागि खाता खोल्ने र संचालन गर्ने ।

घ) कम्पनीले बैंक वा कुनै वित्तिय संस्थावाट धितो राखि वा नराखि कर्जा लिन सक्नेछ साथै तेश्रो पक्ष वा संचालकहरुले कम्पनीलाई अचल सम्पत्ति धितो वन्धक दिएको अवस्थामा कमिशन दिन सक्नेछ ।

ङ) कंम्पनीको नामवाट शेयर तथा डिबेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न सक्नेछ ।

च) स्वीकृति लिनु पर्ने सम्वन्धित निकायको स्वीकृति लिई स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थासंग ऋण लिन सक्नेछ ।

छ) अन्य आवश्यक कुराहरु :-

१. कंम्पनीले आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि सर्बसाधारणलाई बढि जानकारी गराउन बिभिन्न संचारका साधन (पत्र-पत्रिका, अन्य मिडिया तथा वेवसाईड) वाट बिज्ञापन सुचना आदि प्रशारण तथा प्रकाशन गर्न सक्नेछ ।

२. कंम्पनिको संम्पति हानि नोक्सानीवाट बचाउन कम्पनीको मेशीनरी, भवन लगायत अन्य कम्पनीको आवस्यकता हेरी बीमा गराउन सक्नेछ ।

३. कंम्पनीको लागि आवश्यक पर्ने सामानहरु लगायत कंम्पनीको उद्देश्य पुरा गर्न आवश्यक पर्ने सामानहरु (मेशीनरी विवरणहरु तथा अन्य कम्पनीलाई आवस्यक पर्ने बस्तुहरु)स्वीकृति लिनुपर्नेमा सम्बन्धीत निकायबाट स्वीकृत लिई नेपाल सरकारबाट सहुलियत प्राप्त गरि विदेशबाट आयात गर्ने ।

४. स्वीकृत लिनुपर्नेमा सम्बन्धीत निकायको स्वीकृति लिई यस कंम्पनीले सरकारी तथा गैर-सरकारी संघ संस्था, कंम्पनीसंग प्राविधिक तथा प्रसासनिक कार्य गर्नको लागि बिभिन्न सम्झौता गर्न सक्नेछ ।

५. कंम्पनीको उद्देश्य परिपूर्तिको लागि सयुक्त लगानी संम्झौताहरु गर्न सक्नेछ ।

६. कम्पनीको लागि आवस्यक पर्ने कानून व्यवसायी, इन्जिनियर, विशेषज्ञ लगायत अन्य आवस्यक कामदारहरुको नियुक्ति गर्ने तथा सेवा, शर्त तथा सुविधाहरुको व्यवस्थित गर्न आवस्यक विनियम बनाई लागु गर्न सक्नेछ ।

७. कंम्पनीलाई आफ्नो उद्धेश्य अनुरुपको काम कारवाही सञ्चालन गर्ने क्रममा कुनै बिदेशी कंम्पनी, फर्म, संघ, संस्थाबाट मालसमान लिने क्रममा आबश्यकतानुसार प्रतित पत्र खोल्न सक्नेछ ।

८. कंम्पनीलाई आवश्यक पर्ने कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता अफिस सामान खरिद गर्ने तथा भाडामा लिने ।

९. कंम्पनीलाई आवश्यक पर्ने सवारि साधन खरिद गर्ने तथा लिजमा वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

१०. कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलीयत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरुसंग अनुरोध गर्ने, कम्पनीको व्यापारिक हित संरक्षणको लागि पेटेन्ड, डिजाइन र ट्रेडमार्क दर्ता गराउने, यसको हक, सुविधा उपलब्ध गर्ने र उपयोग गर्ने ।

११. कम्पनीको तर्फवाट वा कम्पनीका विरुद्धमा परेका मुद्धा मामिलाहरुमा पुर्पक्ष गर्ने, लिखित जवाफ पेश गर्ने, प्रतिरक्षा गर्ने तथा कम्पनीको आफ्नो हक अधिकारको सुरक्षा गर्न सक्नेछ ।

१२. कम्पनीको स्वामित्वमा रहेका अचल सम्पत्ति तथा कम्पनीको लागि आवस्यक नभएको मेशीनरीहरु लिलाम वा बिक्रि वितरण गर्न सक्नेछ ।

६. **कम्पनीको पूँजीको संरचना** :- कंम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

क) कम्पनीको अधिकृत पूँजी रु. ५,००,००,०००/-(पाँच करोड) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु १०० का दरले ५००००० (पाँच लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ र हाल अग्राधिकार शेयर संम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

ख) कम्पनीको तत्काल जारी गर्ने पूँजी रु. ५,००,००,०००/-(पाँच करोड) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु १०० का दरले ५००००० (पाँच लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ र हाल अग्राधिकार शेयर संम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

ग) कंम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पुंजी रु. ५,००,००,०००/-(पाँच करोड) हुनेछ ।

७. **कम्पनीको शेयरको किसिम** :-

१) कम्पनीमा हाल साधारण शेयरको मात्र ब्यबस्था गरिएको छ ।

२) अग्राधिकार शेयर सम्बन्धी हाल कुनै ब्यवस्था गरिएको छैन ।

३) हाल साधारण शेयर बाहेक अन्य कुनै प्रकारको शेयरको ब्यवस्था गरिएको छैन ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा** :-

क) शेयर खरिद, बिक्री वा हस्तान्तरण वा धितो बन्धक राख्न संचालक समितिको पूर्व स्वीकृती लिनु पर्नेछ । स्विकृती बिना गरिएको शेयर खरिद, हस्तान्तरण वा धितो बन्धक संचालक समितिले बदर गर्न सक्नेछ ।

ख) कम्पनीको शेयर खरिद गर्न चाहनेले संचालक समिति समक्ष निवेदन दिनु पर्नेछ । आफुले लिन कबुल गरेको सयकडा १० प्रतिशत पेश्की निवेदनका साथ दाखिला गर्नु पर्नेछ । पेश्की साथ नभएको निवेदन अमान्य हुनेछ ।

९. **शेयर बापतको रकमको भुक्तानी** :

१) कम्पनीले आफ्नो आवश्यकता अनुसार संचालक समितिको बैठक बाट निर्णय गरि शेयर बापतको रकम आंशिक वा पुर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

२)शेयरवापत कंम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

३)शेयर बापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समय भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०.**शेयरधनीको अधिकतम संख्या** :- यस कम्पनीमा बढीमा ५० जना सम्म शेयरधनीहरु कायम रहन सक्नेछन् ।

११. **दायित्व सिमित हुने** :-यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा संचालकले तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्वन्धि सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन ।

१२.**अन्य आवश्यक कुराहरु** :-

१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै बेहोर्ने छ ।

२)संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अन्य कुनै किसिमवाट शेयर खरिद गर्न सक्नेछ ।

३)कम्पनीले कारोवार सुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्ति बाट सम्पति प्राप्त गर्न सकिनेछ । संचालक समितिको निर्णय अनुसार सम्वन्धित संस्थापक वा अन्य कुनै व्यक्तिलाई सो सम्पत्ति बराबर मुल्यको कम्पनीको शेयरमा परिणत गरिदिन सक्नेछ ।

४)संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीवाट कुनै विशेष सहुलियत वा अधिकार पाउने सम्वन्धमा हाल कुनै व्यवस्था गरिएको छैन ।

५) कम्पनीको शेयर बिक्रि वा हक हस्तान्तरणमा कुनै वन्देज रहेको भए सो कुरा :-

क.कम्पनीको शेयर बिक्रि वा हस्तान्तरण गर्न संचालक समितिको पूर्व स्विकृती लिनु पर्नेछ । स्विकृती बिना गरिएको शेयर बिक्रि वा हस्तान्तरण संचालक समितिले बदर गर्न सक्नेछ ।

ख.कम्पनीको संस्थापकले प्रथम बार्षिक साधारण-सभा नभएसम्म र निजको नाममा जारी भएको शेयरको माग रकम पुरा चुक्ता नगरेसम्म आफुले लिएको शेयर बिक्री बितरण गर्न वा धितो वन्धक राख्न पाउने छैन ।

ग.कम्पनीमा रहेको बांकि शेयर संचालक समितिको निर्णय अनुसार इच्छाएको ब्यक्ति, संघ-संस्था वा कम्पनीलाई कुनै शर्त वन्देज लगाई वा नलगाई बिक्री गर्न वा संस्थापक शेयरवाला आफैले लिन सक्नेछन ।

१३. **कम्पनीको प्रकृति अनुरुप कुनै थप ब्यबस्था गर्नु पर्ने भए सो कुरा खुलाउने** :-हाल कुनै थप व्यवस्था गर्नु नपर्ने ।

१४.**प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अबस्था** :- यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभावाट विशेष प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयमा अभिलेख भएपछी मात्र प्रबन्धपत्र संशोधन भएको मानिने छ ।

१५. **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने** :- यस प्रबन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हद सम्म स्वत: वदर हुनेछ ।

१६. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उदघोषण** :- हामी त्रिशुली संसार प्रा.लि. का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौ । यो प्रवन्ध-पत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर हामीले लिन कबुल गरेको शेयर र साक्षी

सम्बन्धीत व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात श्रृजना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो प्रबन्ध पत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौ भनी सहिछाप गरेका छौ ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु वा पतिको नाम | नागरीकताको प्रमाणपत्र नं. तथा प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम,थर, ठेगाना र सहि छाप | नागरीकताको प्रमाणपत्र नं. / जिल्ला |
|---|---|---|---|---|---|
| १.विरेन्द्र बहादुर न्यौपाने<br>मधपट्टी-५, सप्तरी<br>हस्ताक्षर:-<br>दा. वा. | चक्र बहादुर न्यौपाने | २४१४०६७५<br>सप्तरी | २५०००० थान | १.तुलसी काफ्ले<br>रजहर १, नवलपरासी<br>हस्ताक्षर:-<br>दा. वा. | २४९९<br>नवलपरासी |
| २.श्रीमती सविता गोदार थापा<br>का.म.पा.१४, काठमाडौं<br>हस्ताक्षर:-<br>दा. वा. | श्याम बहादुर थापा | ३०७२<br>काठमाडौं | २५०००० थान | २.सुरेश घर्तिमगर<br>धावाङ्ग १, रोल्पा<br>हस्ताक्षर<br>दा. वा. | ५४-०१-७२-०२७७३<br>रोल्पा |

मस्यौदाकार: अधिवक्ता बिमल सापकोटा

प्र.प.नं.:-९२३०

हस्ताक्षर:-

मिति: २०७५।०७।१४

ईति संबत् २०७५ साल कार्तिक महिना १४ गते रोज ... शुभम्.................................................।